गण्डकी प्रदेश सरकार

# सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

पोखरा, नेपाल

विषय : लागत साझेदारीमा **युवा लक्षित प्राविधिक, सीपमुलक एवं व्यवसायिक तथा उद्यमशिलता तालिम** सञ्चालन गर्न इच्छुक संघ, संस्थालाई प्रस्ताव सहित सुचिकृत हुने वारेको सूचना ।

प्रथम पटक प्रकाशित मिति : २०८१/०१/१९

युवाहरुलाई उद्यमशिल, व्यवसायी र आत्मनिर्भर हुन उत्प्ररित गर्ने उदेश्यले सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयले आ.व. २०८०/०८१ को स्वीकृत बार्षिक विकास कार्यक्रम बमोजिम युवाहरुमा रहेको क्रियाशिलता, क्षमता र रुचीका आधारमा उनीहरुलाई उद्यमशिल, व्यवसायी र आत्मनिर्भर वनाउनका लागी रु १०,०००००/- अक्षरुपी दश लाख रुपैया बजेट विनियोजन भएको र मन्त्रालयले यस कार्यक्रमलाई थप प्रभावकारी वनाउनका लागी अन्य सरकारी, निजी क्षेत्र र गैह्रसरकारी संघ संस्थाहरुको समेत साझेदारीमा गण्डकी प्रदेशका ११ वटै जिल्लाका युवाहरुको प्रतिनिधित्वलाई सुनिश्चित गरि कम्तिमा जम्मा ८५ जना युवाहरुलाई सहभागी गराई युवा लक्षित प्राविधिक, सीपमुलक एवं व्यवसायिक तथा उद्यमशिलता तालिम सञ्चालन गर्न चाहेकोले लागत साझेदारीको माध्यमवाट कार्यक्रम कार्यान्वयन तथा सञ्चालन गर्न सक्षम र इच्छुक अन्य सरकारी, निजी क्षेत्र र गैह्रसरकारी संघ संस्थाहरुलाई आफ्नो प्रस्तावित कार्यक्रम र देहाय वमोजिमका कागजात/विवरण संलग्न गरि सुचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र सुचिकृत हुनको लागी सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरामा प्रस्ताव सहितको निवेदन पेश गर्नुहुन सम्बन्धित सवैमा अनुरोध छ ।

**संलग्न गर्नुपर्ने कागजात तथा विवरण :**

क) कार्यक्रम प्रस्ताव सहितको निवेदन (संस्थाको आधिकारिक लेटरहेडमा)

ख) लागत साझेदारी गर्न चाहेको रकम स्पष्ट खुलेको हुनुपर्नेछ । ( अङ्क/अक्षरमा )

ग) सरकारी निकायवाट जारी भएका वा अनुमती प्राप्त गरेका संस्था दर्ता प्रमाण पत्रहरु (स्थानीय तह, घरेलु/उद्योग, आ.रा.का., क.र.का.)

घ) संचालकहरुको ने.ना.प्र.प. तथा परिचय पत्रको प्रतिलिपि

ङ) विषयवस्तुहरु झल्कीने युवा लक्षित प्राविधिक, सीपमुलक एवं व्यवसायिक तथा उद्यमशिलता तालिम कार्यक्रमको तालिका । (तालिम अवधि कम्तिमा १८० घण्टाको हुनुपर्नेछ )

च) गण्डकी प्रदेश सरकारवाट स्वीकृत खर्चको मापदण्ड, २०७९ बमोजिम कार्यक्रम सञ्चालन/कार्यान्वयन प्रस्ताव र आर्थिक(आय/व्यय) खर्च प्रस्ताव अलग अलग तयार गरि पेश गर्नुपर्नेछ ।

छ) साझेदारी गरि तालिम दिन चाहेका "प्राविधिक,सीपमुलक उवं व्यवसायिक तथा उद्यमशिलताका क्षेत्रहरु" स्पष्ट उल्लेख गरि प्रस्ताव पेश गर्नुपर्नेछ ।

थप जानकारीका लागी :
फोन : ५९०२४२, ५९०२४३
इमेल : moys.gandaki@gmail.com
web : mosd.gandaki.gov.np

उपसचिव
युवा तथा खेलकुद शाखा
उप सचिव